कोशी प्रदेश सरकार

# खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय

विराटनगर, नेपाल

प.सं. ०८२।०८३
च.नं

## तहबृद्धिका लागि आवेदन पेस गर्ने सम्बन्धि सूचना ।

**प्रकाशित मितिः २०८२/०९/०१**

प्रस्तुत बिषयमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (१) तथा प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५२ बमोजिम पाँचौ तहबाट छैठौं तह, सातौ तहबाट आठौं तह र नवौ तह बाट दशौ तहमा तहबृद्धिको लागि तहबृद्धि हुने पदभन्दा मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएका र आवश्यक शैक्षिक योग्यता हासिल गरेका यस मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत प्रदेश निजामती सेवा अन्तर्गतका कर्मचारीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूचि २० को ढाँचामा तह बृद्धिका लागि देहायवमोजिमका सम्पूर्ण कागजात सहित यस मन्त्रालयमा निवेदन पेश गर्न सूचित गरिन्छ ।

<u>आवश्यक कागजातहरु:</u>

१. तहबृद्धिका लागि उम्मेद्वारको सक्कल निवेदन ।
२. शुरु नियुक्ति पत्रको प्रतिलिपि ।
३. पछिल्लो बढुवा नियुक्ति पत्रको प्रतिलिपि ।
४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
५. समायोजन भएको पत्रको प्रतिलिपि ।
६. कार्यरत निकायवाट अध्ययन विदा/ असाधारण विदा/ बेतलवि विदा नलिएको भनि गरिएको सिफारिस पत्र ।
७. कार्यरत निकायवाट कुनै विभागीय सजाय नपाएको/ निलम्वनको निर्णय निर्णय नभएको भनी गरिएको सिफारिस पत्र ।
८. कार्यरत निकायवाट तहबृद्धिको लागि योग्य रहेको भनी गरिएको सिफारिस पत्र लगायत अन्य आवश्यक कागजातहरु ।

इश्वर थापा
बरिष्ठ शाखा अधिकृत